देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

फोन : ०७८-५७५०१०
फ्याक्स: ०७८-५७५३९३
इमेल: devchulimunicipality@gmail.com

प.स.: ०७८/०७९
च.न.:

# गणक र सुपरिवेक्षक करारमा पदपुर्ति गर्ने सम्वन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७८/०८/१९)

प्रस्तुत बिषयमा यस देवचुली नगरपालिका क्षेत्रमा गरीब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालनका लागि गणक र सुपरिवेक्षक पदमा करार सेवा प्रकृयाद्वारा छनौट गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित मितिले १५ दिनभित्र तपसिलमा उल्लेखित विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| १ | ५/२०७८-०७९ | सुपरिवेक्षक | १ |
| २ | ६/२०७८-०७९ | गणक | ८ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :**

**क) सुपरिवेक्षक पदका लागि :**

- मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्यांक शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै एक विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने ।
- कम्प्युटर सम्वन्धी (नेपाली र अंग्रेजी टाइप गर्न सक्ने) आधारभुत ज्ञान भएको हुनुपर्ने ।

**ख) गणक पदका लागि :**

- मान्यता प्राप्त शिक्षण संस्थावाट तथ्यांक शास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै एक विषयमा कम्तिमा प्रविणता पत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्ने ।
- कम्प्युटर सम्वन्धी (नेपाली र अंग्रेजी टाइप गर्न सक्ने) आधारभुत ज्ञान भएको हुनुपर्ने ।

२. **उमेर :** कम्तीमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

३. **आवेदन दिने अन्तिम मिति :** २०७८/०९/०४ गते कार्यालय समयभित्र ।

४. **आवेदन दस्तुर :** रु. ५००।- (देवचुली नगरपालिकाको रजस्व शाखामा बुझाउनुपर्नेछ ।)

५. **छनौट प्रकृया :** देवचुली नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि, २०७६ बमोजिम लिखित, सिप परीक्षण र अन्तर्वार्ता ।

६. **पाठ्यक्रम :** न्युनतम शैक्षिक योग्यता र सम्वन्धित विषयको ज्ञानसँग सम्वन्धित बिषयहरु रहनेछन् ।

७. **आवेदनका साथ संलग्न कागजातहरु :** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम प्रमाणपत्रको प्रतिलिपिहरु :

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि
ख) व्यक्तिगत विवरण (CV)
ग) न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
घ) सम्वन्धित विषयको अनुभव भए अनुभव खुल्ने प्रमाणपत्रहरुको प्रतिलिपि
ङ) पासपोर्ट साईजको रङ्गिन फोटो ३ प्रति ।

८. **सेवा सुविधा तथा अवधि :** गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम ।

९) **सम्पादित गर्नुपर्ने कार्यविवरण :** गरिव परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका, २०७५ मा उल्लेख भएबमोजिम हुनेछ ।

**थप जानकारीका लागि :** गरिव परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका, २०७५, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको https://molcpa.gov.np वा www.devchulimun.gov.np मा उपलब्ध छ ।

(गोविन्द सिग्देल)
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner